# नेपाल विकास अनुसन्धान प्रतिष्ठान

## २२ औं वार्षिक कार्यक्रमको अवसरमा प्रेस विज्ञप्ति

२०८२ बैशाख ९

**"बदलिदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा समावेशी, उत्थानशिल विकासको लागि नेपालको मार्गचित्र" सम्बन्धी बार्षिक प्रवचन र विशेषज्ञ छलफल**

विक्रम संवत २०६० मा स्थापित नेपाल विकास अनुसन्धान प्रतिष्ठान (नेविअप्र) आज सम्म आईपुग्दा देशको एक अग्रणी शोच केन्द्रको रुपमा स्थापित भएको छ। यस प्रतिष्ठानले नीति अनुसन्धान प्रतिष्ठानद्वारा प्राप्त गरेको 'नीति सम्मान २०८१' ले यस कुरालाई पुष्टि गर्दछ। नेविअप्रले गुणस्तरीय अध्ययन र अनुसन्धान मार्फत प्रमाणमा आधारित नीति निर्माणमा सघाउन निरन्तर विभिन्न कार्य गर्दै २१ वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको अवसरमा विशेष वार्षिक प्रवचन र त्यसपछि विशेषज्ञ छलफल (Panel Discussion) सम्पन्न गर्यो । कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाकार एवं पूर्व अर्थमन्त्री डा. युवराज खतिवडा हुनुहन्थ्यो ।

प्रमुख वक्ता **श्री चाँदनी जोशी**ले 'बदलिदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा समावेशी, उत्थानशिल विकासको लागि नेपालको मार्गचित्र' विषयमा गहन मन्तव्य राख्नु भयो । गत् ६ दशक देखि नेपाल र दक्षिण एशियामा लैंङ्गिक सशक्तिकरण र समावेशी विकासको क्षेत्रमा जनस्तर देखि नीतिगत तहसम्म लामो अनुभवको आधारमा उहाँले गत दशकहरुमा समाज विकास, समावेशिता र उत्थानशिलतामा भएका उपलब्धीहरुको सारांश बताउदै बदलिदो र जटिल भूराजनितिक अनिश्चितता युवाहरुको विदेश पलायन तथा बिप्रेषणमा आधारित अर्थतन्त्रको जोखिम आदि कारणले आगामी दिनहरु थप चूनौतीपूर्ण हुने तर्फ इंगित गर्नुभयो। यसका लागि उपेक्षित पछाडि परेका वर्गहरु लगायत सम्पूर्ण जनतालाई सहभागी गराई विभिन्न ठोस् कार्यहरु अगाडी बढाउनु पर्ने सुझाब दिनुभयो । उहाँको सुझाबहरुमा - आन्तरिक श्रोतहरु परिचालन गर्ने, फरक र नविन रुपमा प्रविधिमा लगानी गर्ने, देश भित्र रोजगारी सिर्जना गर्ने, उत्पादकहरुलाई सशक्त बनाउने, आपुर्ति श्रृंखलाका साथै समग्र मुल्य चक्र श्रृखंलामा ध्यान पुर्याउने, डिजिटल सिप अभिवृध्दि गर्ने आदि। उहाँले भन्नुभयो यस कार्यमा लाग्नु सरकार, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु तथा आम नागरिकहरु सबैको जिम्मेवारी हो। आफ्नो वक्तव्यमा उहाँले आफू सधै अनुसन्धान, सीप र ज्ञानको शक्तिमा विश्वास गर्ने व्यक्ति भएको बताउँदै प्रमाणमा आधारित नीतिहरुलाई सघाउने नेविअप्रको कार्यको सह्रना गर्नुभयो।

UNICEF की प्रतिनिधि तथा संयुक्त राष्ट्र संघका निमित्त आवासीय प्रतिनिधि **एलिस आकुंगाले** जलवायु लगायतका अन्य चुनौतीहरु सामना गर्न विभिन्न देशहरु बीच सामुहिक प्रयास र सहकार्य जरुरी भएको बताउनु भयो। उहाँले समावेशितालाई वास्तविक अर्थमा लागु गर्नु पर्ने र यसबाट अति प्रभावित सामाजिक समुहहरुलाई केन्द्रमा राखेर कार्यक्रम बनाउनु पर्ने बताउनु भयो। साथै उहाँले नेपालको समावेशी उत्थानशिल विकासमा संयुक्त राष्ट्र संघको निरन्तर साथ रहेको बताउनु भयो।

कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाकार एवं पूर्व अर्थमन्त्री **डा. युवराज खतिवडा**ले समावेशिता र अर्थतन्त्रको कार्यक्षमता सँगसँगै जानुपर्नेमा जोड दिनुभयो। समावेशी विकासका लागि राज्य र बजारबीच सन्तुलन हुनु आवश्यक छ भन्ने उहाँको भनाइ थियो। उहाँले बजार प्रायः कठोर र नियन्त्रण बिहीन हुने भए तापनि, बजार र राज्यबीच न्यायसंगत सन्तुलन कायम गर्न सकिएमा दिगो र सशक्त अर्थतन्त्र निर्माण गर्न सकिने बताउनु भयो।

उहाँले समग्र विकासको शूत्रमा सबैको सहभागिता सुनिश्चित हुनुपर्ने, स्रोत साधनको उचित बाँडफाँड हुनुपर्ने, समाजका सबै वर्गले विकास प्रक्रियामा सहभागिता जनाउनु पर्ने र प्रत्येकले त्यसको प्रतिफलमा हिस्सेदारी पाउनु पर्ने कुरा प्रस्ट पार्नुभयो। यदि यसरी अगाडि बढ्न सकियो भने, राष्ट्रको समृद्धि निश्चित हुन्छ भन्ने उहाँको धारणा थियो।
उहाँले उत्थानशिल (resilient) हुन जरुरी भएको तर यसका साथसाथै तीव्र र आर्थिक वृद्धि पनि हुने गरी नीति तथा कार्यक्रम हुनुपर्ने बताउनु भयो। यदि हामीले छिटो विकास गर्न सकेनौँ भने गरिबी अन्त्य गर्न सकिँदैन।नेपालको कृषि क्षेत्र जलवायु परिवर्तन र बजारका झट्काहरू सहन सक्ने गरी उत्थानशिल हुनुपर्छ, किनभने यो देशको दुई तिहाइ श्रमशक्तिको जीवन र जीविकोपार्जनको मुख्य आधार हो।

उहाँले नेविअप्रलाई यस्तो महत्वपूर्ण कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिदैं प्रमुख वक्ताको मन्तव्यबाट व्यक्त भएका कतिपय सुझावहरु सरकारको नीति तथा कार्यक्रममा समावेश गर्न सकिने वताउनु भयो।

उद्घाटन सत्रका अध्यक्ष एवं नेविअप्रका अध्यक्ष **डा. कृष्ण पहारी**ले प्रमाणमा आधारित नीति निर्माणमा सघाउँदै सामाजिक विकास तथा रुपान्तरणका लागि विगत २१ वर्ष देखि प्रतिष्ठानले निरन्तर कार्य गर्दै आएको र यस योगदानको कदर गर्दै नीति अनुसन्धान प्रतिष्ठानद्वारा 'नीति सम्मान २०८१' प्राप्त भएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरुमा प्रतिष्ठान अझ उर्जाका साथ अगाडी बढ्ने बताउनु भयो। साथै बदलिदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चुनौतीहरु सामना गर्न अनुसन्धान संस्था, सरकार, विकास साझेदार लगायत सबै सरोकारवालाहरु मिलेर अगाडि बढ्न आव्हान गर्नुभयो ।

यस अघि प्रतिष्ठानका कार्यकारी निर्देशक **डा. शिखा थापा** मगरले स्वागत मन्तव्य राख्दै नेविअप्रले निरन्तर रुपमा समावेशिता, उत्थानशिल तथा सामाजिक विकासको क्षेत्रमा अध्ययन अनुसन्धान गर्दै आएको जानकारी दिनु भयो ।

प्रमुख प्रवचन सहितको उद्घाटन सत्र पछि 'बदलिदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा समावेशी, उत्थानशिल विकासको लागि नेपालको मार्गचित्र' विषयमा विशेषज्ञ छलफल (Panel Discussion) आयोजना भयो। यस सत्रका संयोजक **प्रा. डा. पुण्य प्रसाद रेग्मी**ले नेपालको अहिलेको आर्थिक अवस्थाको चित्रण प्रस्तुत गर्दै जलवायु परिवर्तन तथा वैदेशिक सहयोगमा कटौतीका बीच पनि कसरी अगाडि बढ्न सकिन्छ भनेर गम्भीर छलफल गर्नुपर्ने बताउनु भयो।

छलफलमा विशेषज्ञको रुपमा प्रा**. डा. राम प्रसाद ज्ञवाली** (प्राध्यापक, त्रिभुवन विश्वविद्यालय एवं सरकारद्वारा गठित उच्चस्तरीय आर्थिक सुझाव आयोगका सदस्य), ले गत ५-६ वर्ष यता घट्दो ग्राहस्थ उत्पादन (GDP) को तुलनामा लगानीको मात्रा, उद्योग तथा निर्माण क्षेत्रमा शिथिलता आदिका कारणले

बृद्धिदर सुस्त रहेको र यसमा सुधारको लागी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, लगानीको वातावरणमा सुधार गर्न विभन्न उपायहरुका साथ सरकारलाई सुझाव दिएको बताउनु भयो।

**श्री संगीता राना थापा** (लैंगिक समानता विशेषज्ञ एवं UN Women का पूर्व प्रतिनिधि) ले दक्षिण एशियामा नेपालमा लैङ्गिक समानता संबन्धमा तुलनात्मक रुपमा प्रगतिशील नीतिहरु भएको तर कार्यन्वयन पक्ष अपेक्षित रुपमा राम्रो हुन नसकेको बताउनु भयो।

**श्री विश्व पराजुली** (भूतपूर्व संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि एवं विश्व खाद्य कार्यक्रमका प्रतिनिधि) ले वदलिदो परिप्रेक्षमा नेपालमा वैदेशिक सहयोग कम हुदै जाने देखिए पनि नेपालको बुद्धिमतापूर्वक प्रयास गरी नयाँ लगानी तथा सहायताका स्रोतहरुबाट फाइदा लिनु पर्ने बताउनु भयो जस्तैः निजी कर्पोरिशनहरु र जलवायु वित्त आदि। उहाँले अहिले सम्मको अवस्था र श्रोत व्यवस्थापनको चुनौती बिच सन् २०३० सम्म दिगो विकास लक्ष प्राप्त गर्न असम्भव प्राय भएको बताउनु भयो।

विशेषज्ञ छलफल कार्यक्रमका अध्यक्ष प्रा. **डा. लेखनाथ शर्मा** (कार्यकारी अध्यक्ष नीति अनुसन्धान प्रतिष्ठान) ले नेविअप्रलाई यस्तो कार्यक्रम गरेकोमा धन्यवाद दिदैं नेविअप्र र नीति अनुसन्धान प्रतिष्ठान बीच निरन्तर सहकार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । साथै उहाँले प्रमाणमा आधारित नीति निर्माणलाई सघाउन समाज विकासका विभन्न विषयमा विस्तृत र गहन अध्ययन गर्नुपर्ने कुरा औंल्याउनु भयो ।

कार्यक्रमको अन्त्यमा नेविअप्रका संस्थापक सदस्य तथा वरिष्ठ अनुसन्धान विशेषज्ञ डा. **नवराज खतिवडा**ले उपस्थित सबै अतिथिहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो।

यस कार्क्रममा १५० जना जति व्यक्तिहरुको प्रत्यक्ष सहभागीता रहेको थियो भने करीब ५०० जनाले डिजिटल माध्यमबाट भाग लिनु भएको थियो ।

यस महत्वपूर्ण अवसरमा गुणस्तरीय अध्ययन र अनुसन्धान मार्फत समावेशी, उत्थानशिल र दिगो विकासका लागि प्रमाणमा आधारित नीति निर्माणमा सघाउन नेविअप्र निरन्तर लागिरहेने प्रण गर्दछ । साथै सम्पूर्ण सरोकारवालाहरुलाई यस पुनित लक्षतर्फ सहकार्य गर्न आव्हान गर्दछ ।

डा. शिखा थापा मगर
कार्यकारी निर्देशक
नेपाल विकास अनुसन्धान प्रतिष्ठान